कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

पाँचथर, नेपाल

पत्र संख्या-२०८२/०८३
चलानी नं.

मितिः २०८३/०१/१५
ने.सं.११४६ बछलाथ्व, द्वादशी

**पाँचथर जिल्लामा वर्डफ्लु रोग भित्रिन नदिन सम्बन्धित सरोकारवालाहरुमा अनुरोध/सूचना**

विगत केहि समयदेखि झापा, मोरङ र सुनसरी जिल्ला वर्डफ्लु रोगबाट आक्रान्त रहेको, लाखौंको संख्यामा पन्छी र पन्छीजन्य उत्पादन नष्ट गरेको, कैयन संक्रमित फर्महरु सील भएको र मानिसमा समेत सर्नसक्ने जुनोटिक रोग रहेकोले झापा, मोरङसँग सडक सञ्जाल जोडिएको यस जिल्लामा वर्डफ्लु रोगको संभावित जोखिमलाई मध्यनजर गर्दै मिति २०८३ बैशाख १५ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यूको संयोजकत्वमा बसेको जिल्ला वर्डफ्लु नियन्त्रण समितिको बैठकले जिल्लामा वर्डफ्लु रोग भित्रिन नदिन तपसिल अनुसारको निर्णयहरु भएको हुँदा यी निर्णयहरुको पालना तथा कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवालाहरु/कुखुरापालक/दाना/अण्डा सप्लायर्स व्यवसायी/उद्यमी/कृषकहरुमा जानकारी एवं सहयोगको लागि अनुरोध छ ।

पाँचथर जिल्लामा पालन गरिएका कुखुराहरुलाई दाना आपूर्तिमा समस्या भई आहारा अभावमा मृत्यु हुनसक्ने भएको हुँदा पशुपन्छीपालन कृषक/उद्यमीहरुबाट सञ्चालित व्यवसायमा सहजताको लागि दाना ढुवानीको लागि सबै पोल्ट्री सप्लायर्सहरुबाट पाँचथर जिल्लामा दाना आवश्यकताको परिमाण यकिन गरी १ पटकको लागि दाना उद्योगहरुबाट जिल्लाको आवश्यकता अनुसार कुखुराको लागि ठुलो सवारी साधन (ट्रक) को प्रयोग गरी उत्पादनस्थलबाट नै लोड गर्ने गरी निम्न विवरण तथा कागजातहरुको आधारमा पशुपन्छीको दाना भित्रन दिने निर्णय भएको हुँदा सोहि अनुसार गर्नु गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>निम्न</u>

क) दाना उत्पादन उद्योग भएको स्थानसँग सम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट दाना उद्योग क्षेत्रमा रोग संक्रमण जोखिम नभएको र उत्पत्ति/उत्पादन स्थान प्रमाणित कागजात ।

ख) दर्तावाल पशु चिकित्सकको प्रत्यक्ष निगरानीमा जारी गरिएको समयसीमा भित्रको सक्कल भेटेरिनरी प्रमाणपत्र।

ग) आवश्यक बिल बिजक, कागजातहरु

घ) ढुवानी साधनको विवरण, चालकको नाम र सम्पर्क नं., खरिद गरिने दाना उद्योगको विवरण, पाँचथर जिल्लाको लागि व्यवसायीहरुबाट संकलन गरिएको आवश्यक दानाको परिमाण र संलग्न अन्य आवश्यक कागजातहरु सहित ढुवानीकर्ताबाट विज्ञ केन्द्रमा पेश भएको अग्रिम निवेदन।

ङ) सम्बन्धित दाना उद्योग/व्यवसायी/ढुवानीकर्ताहरुले जैविक सुरक्षाको विधि अवलम्बन गरी निःसंक्रमणको लागि प्रयोग हुने औषधि, स्प्रे ट्याङ्कीको व्यवस्था गरी ढुवानीको साधनमा अनिवार्य राखी उत्पादनस्थल, जिल्ला प्रवेश सिमाना र सम्बन्धित फर्म/डिलरमा प्रवेशपूर्व ढुवानीको लागि प्रयोग गरिएका सवारीसाधन, सामाग्रीहरु अनिवार्यरुपमा निःसंक्रमणको व्यवस्था गर्ने प्रतिबद्धता पत्र ।

निरज कुमार भट्टराई
(स.पशु विकास अधिकृत)